# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, आश्विन १४ गते, २०७७ साल (संख्या १५


# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

कर्णाली प्रदेशमा रोजगारीका अबसर सिर्जना गरी बेरोजगार तथा कोभिड-१९ को कारणबाट स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवालाई समेत लक्षित गरी **आफ्नो गाँउ आत्मनिर्भर बनाँउ** अभियानका साथ मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी, आयआर्जन तथा आधारभुत विकासका क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न कर्णाली प्रदेश सरकारले विनियोजन ऐन, २०७७ दफा ९ (१) बमोजिम यो कार्यबिधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" हुनेछ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि अनुसार स्थानीयस्तरमा विकास क्रियाकलाप सञ्चालन गरी युवा, महिला, दलित लगायत कोभिड-१९ बाट बेरोजगार भएका व्यक्तिलाई रोजगारी सिर्जना गर्ने मुख्य मन्त्री रोजगार कार्यक्रम सम्झिनु पर्नेछ। सो शब्दले मुख्यमन्त्री रोजगार कार्यक्रम शीर्षक अन्तर्गत सञ्चालन विषयगत मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमलाई समेत जनाउनेछ।

(ख) "कार्यालय" भन्नाले प्रदेश सरकार विषयगत मन्त्रालय अन्तरगत रहेका जिल्ला स्थित कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "कार्यक्रम निर्देशक" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मा व्यवस्था भएको कार्यक्रम निर्देशक सम्झनु पर्दछ।

(घ) "कार्यक्रम संयोजक" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मा व्यवस्था भएको कार्यक्रम संयोजक सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार मातहतका मन्त्रालयहरूलाई सम्झनु पर्दछ। सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(च) "निर्देशक समिति" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मा उल्लेखित निर्देशक समिति सम्झनु पर्दछ।

(छ) "वडा कार्यालय" भन्नाले स्थानीय तहको सम्बन्धित वडा कार्यालय सम्झनु पर्दछ।

(ज) "वडा समिति" भन्नाले स्थानीय तहको सम्बन्धित वडा समिति सम्झनु पर्दछ।

(झ) "समन्वय इकाई" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मा उल्लेखित कार्यक्रम समन्वय इकाई सम्झनु पर्दछ।

(ञ) "सामुदायिक पूर्वाधार" भन्नाले सम्बन्धित स्थानीय तहका विभिन्न वडा अन्तरगतका गाउँ वा वस्तीमा सामुदायिक हितका लागि आवश्यक पर्ने बाटो, कुलो, नहर, विद्यालय, स्वास्थ्य चौकी, ताल, पोखरी, जलाशय, उर्जा बिकास जस्ता पूर्वाधारलाई सम्झनु पर्दछ।

(ट) "सिफारिस समिति" भन्नाले यो कार्यबिधिको दफा ५ बमोजिमको सिफारिस तथा समन्वय समिति सम्झनु पर्दछ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्दछ।

(ड) "सामाजिक बिकास कार्यालय" भन्नाले प्रदेश अन्तर्गत जिल्लामा रहेका सामाजिक बिकास कार्यालय सम्झनु

पर्नेछ र सो शब्दले शिक्षा बिकास निर्देशनालय, सुर्खेतलाई समेत जनाउनेछ।

(ढ) "बिषयगत कार्यालय" भन्नाले प्रदेश अन्तर्गत जिल्लामा रहेका कार्यक्रम कार्यान्वयन इकाइ वा कार्यालयहरु सम्झनु पर्नेछ ।

(ण) "गाउँबस्ती" भन्नाले सम्बन्धित स्थानीय तहका वडा भित्र रहेका टोल तथा समुदायको बस्तीलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## कार्यक्रमको उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधि अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन हुने आफ्नो गाँउ आत्मनिर्भर बनाउ अभियान अन्तरगत सामुदायिक पूर्वाधार विकास कार्यक्रमका देहाय बमोजिम उद्देश्य रहेका छन्ः-

(क) स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्ने,

(ख) बेरोजगार र कोभिड-१९ का कारण रोजगार गुमाएका व्यक्तिको जीविकोपार्जनमा सुधार गर्ने,

(ग) प्रदेशभित्र रहेको आम गरिवी निवारणमा योगदान पुर्‍याउने,

(घ) प्रदेश भित्र खाद्य सुरक्षा परिपुर्तिमा सहयोग गर्ने,

(ङ) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग गर्ने।

## परिच्छेद -३

## आयोजना सिफारिस तथा छनौट सम्बन्धी व्यवस्था

४. **आयोजना छनौट तथा सिफारिसः** (१) वडा कार्यालयले आफ्नो वडाका सवै गाउँ बस्तीमा बसोबास गर्ने वेरोजगारहरूको अद्यावधिक विवरण तयार गर्नु पर्नेछ। विवरण तयार गर्दा यस्तै प्रकृतिका अन्य कार्यक्रमहरूका लागि कुनै संस्था वा निकायबाट तयार भएको विवरणलाई समेत आधार लिन सक्नेछ।

(२) वडा कार्यालयले वडा समितिका साथै, वडा भित्रको भौगोलिक, सामुदायिक, लैङ्गिक, शिक्षक, उद्योगी, व्यापारी, समाजसेवी, किसान, टोल बिकास संस्था समेतको प्रतिनिधित्व हुने गरी वडा अध्यक्षको संयोजकत्वमा कम्तीमा १५ जनाको भेला गरी आयोजना छनौट गरी सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको भेलाबाट बढी बेरोजगार भएका गाउँ बस्ती समेटिने गरी बढीमा ५ वटा आयोजना अनुमानित लागत सहित प्राथमिकताक्रम तोकि सिफारिस गर्नु पर्नेछ।यसरी आयोजना सिफारिस गर्दा उद्यमशीलता तथा उत्पादन क्षेत्रमा कम्तीमा एक वटा आयोजना पर्ने गरी फरक-फरक क्षेत्रका आयोजना छनौट गरी सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमका आयोजना छनौट गर्दा पूर्वाधार विशेष कार्यक्रमबाट रू. तीस लाख वा सो भन्दा बढीका आयोजना छनौट वा संचालन भएका गाउँबस्तीमा यस कार्यक्रम अन्तरगत आयोजना छनौट तथा सिफारिस गर्न पाईने छैन।

(५) उपदफा (२) बमोजिम आयोजना छनौट गर्दा स्थानीयस्तरमा रोजगारी सिर्जना हुने, स्थानीय सामाग्रीको प्रयोग

हुने, युवा, महिला, दलित र विपन्न समुदायलाई रोजगारीमा प्राथमिकता हुने गरी आयोजना छनौट गरी सिफारिस गर्नुपर्नेछ।

(६) उपदफा (३) बमोजिम आयोजना छनौट तथा सिफारिस गर्दा देहायका क्षेत्र भित्रबाट पर्ने गरी गर्नु पर्नेछ।

(क) कृषि पूर्वाधार

(ख) सडक, खानेपानी, पोखरी तथा जलाशय, सिंचाई तथा नदी नियन्त्रण

(ग) सामुदायिक फलफुल तथा जडिबुटी खेती, बृक्षारोपण

(घ) स्वास्थ्य, शिक्षा र खेलकुद पुर्वाधार

(ङ) लघु जलविद्युत बिकास

(च) लघुउद्यम तथा उद्यमशीलता विकास

(छ) पर्यटन पूर्वाधार

(ज) गत आ.व.मा सञ्चालित मुख्यमन्त्री रोजगार कार्यक्रमका अधुरा आयोजना

(७) उपदफा (३) बमोजिम छनौट भएका आयोजनाको प्राथमिकताक्रम सहितको सूची सम्बन्धित वडा कार्यालयले सम्बन्धित स्थानीय तहमा र सम्बन्धित स्थानीय तहले सम्बन्धित जिल्ला स्थित सामाजिक बिकास कार्यालय मार्फत दफा (५) अनुसारको सिफारिस समिति समक्ष पेश गर्नु पर्नेछ । आयोजना छनौट तथा कार्यान्वयन गर्दा श्रममुलक कार्यमा हुने खर्चको प्रतिशत अनुसूची-१ बमोजिम हुनेछ।

(८) सिफारिस समितिले उपदफा (७) बमोजिम प्राप्त आयोजनाहरूलाई पूर्वाधार विशेष कार्यक्रमबाट छनौट भएका आयोजनासँग दोहोरो नपर्ने गरी गरी मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय मार्फत निर्देशक समितिमा सिफारिस गर्नेछ।

(९) उपदफा (७) बमोजिम कुनै वडा समिति वा स्थानीय तहबाट आयोजना सिफारिस भई नआएमा सिफारिस समितिले नै त्यस्ता वडाको लागि आयोजना छनौट गरी सिफारिस गर्न सक्नेछ।

(१०) उपदफा (८) र (९) बमोजिम प्राप्त सिफारिस भई आएका आयोजनाहरूको बजेट बाँडफाँड र अन्तिम छनौट निर्देशक समितिले गर्नेछ।

(११) उपदफा (१०) बमोजिम बजेट बाँडफाट गर्दा कार्यक्रम सञ्चालन हुने स्थानको भौगोलिक विकटता, गरिबी, खाद्य असुरक्षा र मानव विकास सुचकाङ्क समेतलाई आधार लिनु पर्नेछ। यस्तो सुचकाङ्कको अङ्कभार निर्देशक समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(१२) उपदफा (१०) बमोजिमको अन्तिम छनौट भएका आयोजनाहरू आयोजनाको प्रकृतिगत आधारमा निर्देशक समितिबाट निर्णय भए अनुसार समन्वय इकाईले यस कार्यबिधी एवं प्रचलित कानून बमोजिम कार्यान्वयनका लागि सम्बन्धित जिल्लाका सामाजिक विकास कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा वा सिधै सम्बन्धित स्थानीय तहमा वा सम्बन्धित जिल्लाका बिषयगत कार्यालयहरुमा पठाउनु पर्नेछ।

५. **<u>सिफारिस तथा समन्वय समितिः</u>** (१) दफा ४ को उपदफा (७) बमोजिम स्थानीय तहबाट प्राप्त आयोजनाको सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ।

(क) सम्बन्धित जिल्लामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य मध्ये जेष्ठ वा उपलब्धमध्येको जेष्ठ सदस्य - संयोजक

(ख) सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरू-सदस्य

(ग) जिल्ला समन्वय समिति प्रमुख -सदस्य

(घ) जिल्ला स्थित प्रदेश सरकार मातहतका कार्यालयका प्रमुखहरू -सदस्य

(ङ) सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयको प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको सचिवालय र अभिलेख सामाजिक विकास कार्यालयमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठकमा समितिले आवश्यक ठानेको व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) सिफारिस समितिले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि योजना छनौट तथा सिफारिस, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन कार्यमा आवश्यकता अनुसार मन्त्रालय, निर्देशक समिति, समन्वय इकाई, स्थानीय तह, विषयगत कार्यालय, वडा समिति र अन्य सरोकारवालाहरू बीचमा समन्वय तथा सहजीकरण गर्नुपर्नेछ।

## परिच्छेद - ४

## कार्यक्रम कार्यान्वयन सम्बन्धी ब्यवस्था

६. **कार्यक्रमको कार्यान्वयनः** (१) दफा ४ को उपदफा (१०) बमोजिम छनौट भएका आयोजनाहरूको कार्यान्वयन सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास कार्यालय वा जिल्लाका सम्बन्धित बिषयगत कार्यालय र सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबीच अनुसुची-२ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको सम्झौता अनुसार कार्य सम्पन्न भए पश्चात सामाजिक विकास कार्यालय वा जिल्लाका बिषयगत कार्यालयमा सम्बन्धित स्थानीय तहले आवश्यक कागजात सहित रकम भुक्तानीका लागि माग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रमाणित कागजातका आधारमा सामाजिक विकास कार्यालय वा जिल्लाका बिषयगत कार्यालयले सम्बन्धित स्थानीय तहमा रकम हस्तान्तरण गर्नु पर्नेछ।

(५)सम्बन्धित स्थानीय तहले आयोजना/कार्यक्रम सञ्चालनमा काम गर्ने श्रमिकको पारिश्रमिक रकम अनिवार्य रूपमा निजको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

(६) यस कार्यक्रम सञ्चालनको सम्पूर्ण वित्तीय उत्तरदायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(७) कार्यक्रम कार्यान्वयनका क्रममा जिल्ला स्थित सामाजिक विकास कार्यालय वा जिल्लाका बिषयगत कार्यालय र सिफारिस समितिले आवश्यक समन्वय तथा सहजीकरण गर्नुपर्नेछ।

(८) उपदफा (१) बमोजिम स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन नभएमा वा हुन नसकेमा निर्देशक समितिको

निर्णय अनुसार प्रदेश सरकार मातहतका जिल्लास्थित विषयगत कार्यालयहरूबाट कार्यान्वयन गराउन सकिनेछ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा ६ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायमा विनियोजन भएको कार्यक्रम वा आयोजना स्थानीय तह मार्फत गर्नुपर्ने गरी विषयगत मन्त्रालयले सिफारिश गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले अख्तियारीको रुपमा शर्त सहित कार्यान्वयन गराउन सक्नेछ।

७. **कार्यक्रम सञ्चालन विधिः** (१) कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रम कार्यान्वयन हुने सम्बन्धित वडाका श्रमिकहरू मध्येबाट बढीमा तीन जनाको श्रम समिति वा श्रम कार्यदल गठन गरी आयोजना कार्यान्वयन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित श्रम समिति वा श्रम कार्यदलका सदस्यहरूले सम्बन्धित आयोजनाको कार्यान्वयनमा समन्वय तथा सहजीकरण, श्रम परिचालन, श्रमिक हाजिरी व्यवस्थापन, निर्माण सामाग्रीको व्यवस्थापन, श्रमीकहरुको कामको मूल्यांकन लगायतका कार्यहरूका साथै आफ्नो दक्षता अनुसारको श्रम कार्य समेत गर्नु पर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन गर्दा ठुला मेसिन तथा उपकरणको प्रयोग गर्न पाइने छैन।

(४) निर्माण सामाग्रीहरूको हकमा उपलब्ध भएसम्म स्थानीयस्तरमा उपलब्ध श्रोतसाधन तथा उत्पादनहरुको प्रयोग गर्नुपर्नेछ।

(५) रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेश्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन।

८. **कार्यक्रम समयसीमाः** (१) सम्बन्धित वडा कार्यालयले असोज महिना भित्र आयोजना छनौट तथा सिफारिस गरी सम्बन्धित स्थानीय तह मार्फत सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा रहने दफा ५ बमोजिमको सिफारिस तथा समन्वय समितिमा पठाई सक्नु पर्नेछ।

(२) सम्बन्धित सामाजिक बिकास कार्यालयले सिफारिस समितिबाट निर्णय गराई कार्तिक मसान्त भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको निर्देशक समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा २ बमोजिम सिफारिस भएका आयोजनाहरू निर्देशक समितिबाट अन्तिम छनौट गरी मंसिर १६ देखी कार्यान्वयन प्रकृया शुरू हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पठाउनु पर्नेछ।

(५) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि आगामी आर्थिक वर्षमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यान्वयन हुने आयोजनाहरूको छनौट वडा समितिबाट चालु आ.व.को फागुन मसान्त भित्र, छनौट तथा सिफारिस समितिले चालु आ.व.को चैत्र मसान्त र निर्देशक समितिले चालु आ.व.को बैशाख मसान्तभित्र अन्तिम छनौट गरिसक्नु पर्नेछ।

(६) यस कार्यविधि बमोजिम छनौट भएका आयोजनाहरु सम्बन्धित मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट

सूचना प्रणाली (पि.एल.एम.वि.आई.एस.) मा प्रविष्ट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत भएपछि मात्र बजेट निकासा हुनेछ।

## परिच्छेद - ५

## कार्यक्रम अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

९. **अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनः** (१) अनुगमन तथा मूल्यांकन र प्रतिवेदनको सूचक तथा मापदण्ड सहितको ढाँचा निर्देशक समितिले निर्धारण गर्नेछ।

(२) दफा १०,११ र १२ बमोजिम भएको अनुगमन तथा मुल्याङ्कन उपदफा (१) बमोजिमको ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वय इकाईमा पेश गर्नु पर्नेछ।

१०. **उच्चस्तरीय अनुगमन समितिः** सञ्चालन हुने कार्यक्रमहरूको समग्र अनुगमन र प्रभावकारिताको विश्लेषण गर्न देहाय बमोजिमको उच्चस्तरीय अनुगमन समिति रहनेछ।

(क) आर्थिक मामिला तथा योजना मन्त्री -संयोजक

(ख) प्रदेश सभाका विपक्षी दलका नेता -सदस्य

(ग) सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरू -सदस्य

(घ) प्रदेश योजना आयोगका उपाध्यक्ष -सदस्य

(ङ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय सुधार महाशाखा हेर्ने सचिव -सदस्य सचिव

११. **जिल्ला स्तरीय अनुगमन समितिः** कार्यक्रमको अनुगमन गर्न जिल्ला स्तरमा देहाय बमोजिमको समिति रहनेछः

(क) जिल्ला समन्वय समिति प्रमुख -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख -सदस्य

(ग) सम्बन्धित जिल्लाको पूर्वाधार विकास कार्यालयको प्रमुख -सदस्य

(घ)सामाजिक विकास कार्यालयको प्रमुख -सदस्य सचिव

१२. **<u>मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयबाट हुने अनुगमन तथा मूल्यांकनः</u>** मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयले समेत आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ।

१३. **<u>भुक्तानी आवद्धताः</u>** दफा ११ अनुसारको समितिको अनुगमन प्रतिवेदनलाइ आयोजनाको भुक्तानी प्रणालीसंग आवद्ध गराउन सकिनेछ ।

१४. **<u>कार्यक्रम प्रतिवेदनः</u>** (१) सम्बन्धित वडाले कार्यक्रम कार्यान्वयन अवस्थाको प्रतिवेदन सम्बन्धित स्थानीय तह मार्फत सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा पठाउनु पर्नेछ।

(२) सम्बन्धित सामाजिक विकास कार्यालय वा जिल्लाका बिषयगत कार्यालयले उपदफा १ बमोजिम स्थानीय तहबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात आवश्यकता अनुसार आफुले समेत अनुगमन गरी प्राप्त प्रमाणित कागजातका आधारमा प्रचलित कानून बमोजिम भुक्तानी दिने व्यवस्था गर्नुपर्नेछ।

(३) सामाजिक विकास कार्यालयहरूले जिल्ला भित्रको एकिकृत अनुगमन तथा कार्यक्रम प्रतिवेदन तयार गरी

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत निर्देशक समितिमा पठाउनु पर्नेछ।

## परिच्छेद - ६

## विविध

१५. **विषयगत मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन गर्ने:** (१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि विषयगत मन्त्रालयहरूमा मुख्यमन्त्री रोजगार कार्यक्रम शीर्षकमा बजेट विनियोजन भएका कार्यक्रमहरू सम्बन्धित मन्त्रालयबाट समुदायमा अधिकाधिक रोजगारी सृजना हुनेगरी प्रचलित कानून बमोजिम कार्यान्वयन हुनेछन्।

१६. **सहजकर्ता सम्बन्धि व्यवस्था:** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा प्रतिवेदन गर्ने कार्यमा सहजीकरण गर्नका लागि कार्यक्रम कार्यान्वयन अविधभर कार्य गर्नको लागि समन्वय इकाइले प्रति स्थानीय तह १ जनाको दरले सहजकर्ता नियुक्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको सहजकर्ता छनौट सम्बन्धी मापदण्ड तथा प्रकृया निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) सहजकर्ताको कार्य शर्तहरू समन्वय इकाईले तोकेबमोजिम हुनेछ।

१७. **प्रशासनिक खर्च:** (१) स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रममा सम्बन्धित स्थानीय तहले विनियोजित बजेटको बढीमा १ प्रतिशत बजेट प्रशासनिक खर्चमा प्रयोग गर्न सक्नेछ।

(२) मन्त्रालय, सामाजिक विकास कार्यालय वा कार्यक्रम संचालन गर्ने जिल्लाका बिषयगत कार्यालयहरुको लागि

आवश्यक पर्ने प्रशासनिक खर्च व्यवस्थापनको लागि विनियोजित बजेटको चार प्रतिशतसम्म रकम छुट्याउन सकिनेछ।

(३) उपदफा २ बमोजिमको छुट्याइएको रकमबाट कार्यबिधिको दफा १६ को उपदफा (१) बमोजिम नियुक्त हुने सहजकर्ताको कार्यशर्त बमोजिमको पारिश्रमिक रकम र अन्य प्रशासनिक कार्यमा नियमानुसार खर्च गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित निकायलाई आवश्यकता अनुसार रकम उपलब्ध गराउनेछ।

१८. **<u>सार्वजनिकीकरण गर्नु पर्नेः</u>** (१) स्थानीय तह वा आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(२) मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको काम गर्दै गर्दाको अवस्था र सम्पन्न भैसकेको अवस्था समेत झल्किने गरी फोटो तथा श्रव्य-दृष्य (भिडियो) क्लिप बनाई आम सञ्चारका माध्यमबाट प्रकाशन प्रशारण गर्ने व्यवस्था समन्वय इकाईले मिलाउनु पर्नेछ। यसको लागि दफा १७ को उपदफा (३) बमोजिमको रकमले नपुग हुने भएमा नपुग भएको रकम कार्यक्रमको लागि विनियोजित बजेटबाट निर्देशक समितिको निर्णय अनुसार खर्च गर्न सकिनेछ।

१९. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा वा बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ। तत्काल निर्देशक समितिको बैठक बस्न नसक्ने अवस्थामा समितिको संयोजकको निर्णयबाट त्यस्तो

बाधा अड्काउ फुकाई त्यसपछी बस्ने निर्देशक समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ।

२०. <u>खारेजी र बचाउः</u> (१) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ खारेज गरिएको छ ।

(२) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

**दफा ४ को उपदफा (७) संग सम्बन्धित**

**श्रममुलक कार्यमा हुने खर्चको हिस्सा**

| क्र.सं. | कार्यक्रम/आयोजनाको क्षेत्र | श्रम (प्रतिशतमा) | अन्य (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कृषि पूर्वाधार | ७० | ३० |
| २ | सडक, खानेपानी, पोखरी तथा जलाशय, सिंचाई तथा नदी नियन्त्रण | ६० | ४० |
| ३ | सामुदायिक फलफुल तथा जडिबुटी खेती, बृक्षारोपण | ७० | ३० |
| ४ | स्वास्थ्य, शिक्षा र खेलकुद पुर्वाधार | ७० | ३० |
| ५ | लघु जलविद्युत बिकास | ५० | ५० |
| ६ | लघुउद्यम तथा उद्यमशीलता विकास | ७० | ३० |
| ७ | पर्यटन पूर्वाधार | ७० | ३० |
| ८ | गत आ.व.मा सञ्चालित मुख्यमन्त्री रोजगार कार्यक्रमका अधुरा आयोजना | ७० | ३० |
| ९ | माथी उल्लेखित बाहेक अन्य क्षेत्र | ७० | ३० |

## अनुसूची-२

## दफा ६ को उपदफा (२) संग सम्बन्धित

## सामाजिक विकास कार्यालय र स्थानीय तहबीच हुने सम्झौताको ढाँचा

सामाजिक विकास कार्यालय ...........र ................... गाउँपालिका/ नगरपालिका बीच मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि भएको सम्झौता-पत्र

कर्णाली प्रदेश भित्र रोजगारीको अवसर, कामको सिर्जना र ज्यालामा सुधार गरी श्रम प्रति थप सम्मान गर्दै समृद्ध प्रदेश निर्माणमा युवाको ज्ञान, सीप, क्षमताको उपयोग गरी सार्वजनिक विकास निर्माणका माध्यमबाट नागरिकलाई प्रत्यक्ष रोजगारी सिर्जना गरी जीवनस्तरमा सुधार गर्नका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत श्रममूलक आयोजनाहरु  सञ्चालन गर्न कर्णाली प्रदेश सरकारको........ जिल्ला स्थित सामाजिक विकास कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र .... ..... ..... गाउँपालिका/नगरपालिका (यसपछि दोश्रो पक्ष भनिएको) बीच प्रचलित कानून र यो सम्झौता बमोजिम आ-आफ्नो भूमिका पूर्णरुपमा निर्वाह गर्दै कार्यक्रमको कार्यान्वयन प्रति जिम्मेवार, उत्तरदायी, जबाफदेही भई सम्झौताका शर्तहरु पालना गर्न सहमत, मञ्जुर भई हामी दुबै पक्षले यो सम्झौता पत्रमा सहिछाप गरी लियौं दियौं ।

**(क) पहिलो पक्षले पालन गर्नुपर्ने शर्तहरुः**

१. कार्यक्रम अन्तर्गतका आयोजनालाइ दोश्रो पक्षमार्फत कार्यान्वयनमा ल्याउने ।

२. आ.व. ......... को ...... महिना ...... गते सम्म स्थानीय तहले पेश गरेको खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य प्रगति र कार्यसम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, आयोजनाका फोटोहरु सहित आयोजना कार्यान्वयनका पुष्ट्याई सम्बन्धी प्रतिवद्धता सहितको खर्च शोधभर्ना माग गरिएको पत्र, कागजात तथा प्रमाणहरुको आधारमा स्थानीय तहलाई भूक्तानी दिने ।

३. आयोजनाहरुको अनुगमन गर्ने ।

४. स्थानीय तहलाई कार्यक्रम कार्यान्वयन गर्न समन्वय र सहजिकरण गर्ने।

**५.** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कार्यक्रम समन्वय इकाइ) लाई कार्य प्रगति सम्बन्धी विवरण एवं प्रतिवेदन पेश गर्ने।

(ख) **दोश्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

१. प्रथम पक्ष समक्ष सिफारिस भएकामध्ये मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधी, २०७७ बमोजिम निर्देशक समितिबाट निर्णय भई तोकिएका आयोजनाहरु मात्र कार्यान्वयनमा ल्याउनु पर्नेछ।

२. आफ्नो क्षेत्रभित्रको सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारका काममा लगाउनुपर्नेछ। सोको विवरण साथै

प्रगति बिबरण/प्रतिवेदन सामाजिक विकास कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

३. कार्यक्रम सञ्चालनको निकाशा, खर्चको लेखा राख्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने तथा वित्तीय अनुशासन कायम गर्ने/गराउने उत्तरदायित्व दोश्रो पक्षको हुनेछ।

४. मुख्यमन्त्री रोजगार कार्यक्रमको बजेट रकमबाट आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रममा बजेट सदुपयोग गर्ने तथा पारदर्शिता कायम गराइ बजेटको सदुपयोग पुष्टि गर्ने सम्बन्धमा कानूनी रुपले प्रमाणित गर्ने सम्पूर्ण जिम्मेवारी, उत्तरदायित्व तथा जबाफदेहिता दोश्रो पक्षको हुनेछ।

५. पहिलो पक्षबाट उपलब्ध गराइएको बजेट सदुपयोगका कुनै पनि विषयमा प्रथम वा सरोकार राख्ने निकायहरुबाट कुनै पनि समयमा हुने निरिक्षण, अनुगमन तथा मूल्यांकनमा दोश्रो पक्षले पूर्ण रुपमा सहयोग गर्नु पर्नेछ।

६. आयोजनाको लागि विनियोजित रकमबाट दोश्रो पक्षले कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कारमा खर्च गर्न तथा दुरुपयोग गर्न पाउने छैन।

७. आ.व. .... को ....... महिना ..... गते सम्म कार्य सम्पन्न गरी स्थानीय तहले आफ्नो आयोजनाहरुको खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य प्रगति र

कार्य सम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, योजनाका फोटोहरु जस्ता खर्च पुष्टयाइ हुने कागजात, प्रमाणहरु संलग्न राखि आयोजना कार्यान्वयनका खर्च शोधभर्ना माग गरिएको पत्र सहित सम्बन्धित सामाजिक बिकास कार्यालयमा पेश गरी भुक्तानी लिइसक्नु पर्नेछ । उक्त मितिभित्र कागजात प्रमाण पेश गर्न नसकेको वा भुक्तानी नलिएको अवस्थामा प्रथम पक्ष खर्च शोधभर्ना गर्न बाध्य हुनेछैन ।यसको लागि दोश्रो पक्ष स्वयं जिम्मेवार हुनुपर्नेछ।

८. यस सम्झौता वा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यीबिधि, २०७७ मा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| सामाजिक बिकास कार्यालय (पहिलो पक्ष) को तर्फबाट | स्थानीय तह (दोश्रो) पक्षको तर्फबाट |
| नामः | नामः |
| पदः कार्यालय प्रमुख | पदः प्रमुख प्रशासकिय अधिकृत |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**रोहबरः**

| | नामः | पदः | दस्खतः | मितिः |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**आज्ञाले,**

आनन्द सारु

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**